**Voice : A Biannual & Bilingual Journal**
*2023 August, Vol : 15, No. 1, pp.124-130*

# प्रचलित लिपिहरुको परिचय र विकासक्रम

बालकृष्ण शर्मा[१]

Article History: Received: June 20, 2023 Reviewed : July 17, 2023 Accepted: August 12, 2023

**सार सङ्क्षेप**

प्राचीन समयमा प्रचलित हुँदै सङ्केत वा भाषिक तत्वलाई देखाउन प्रयोग हुने सङ्केतात्मक अर्थ दिने लेखनको चिन्हलाई लिपि भनिन्छ । लिपि एउटा समाजको गहन ऐना भएकाले यो सबै ठाउँमा प्रचलित हुन्छ । लिपि एक व्यवहारिक ज्ञान र सिप भएकोले पनि यहाँ लिपिको उत्पत्ति र विकास, लिपिको परिचय प्राचीनता र एउटा लिपिको सबै भावलाई प्रस्तुत गर्ने अध्ययनलाई लिपि भनिन्छ । नेपालका यस्ता प्राचीन लिपि नागरी लिपि र पूर्व तथा उत्तर लिपि हुँदै देवनागरी लिपिको महत्व र उपयोगितालाई देखाउने यहाँ प्रयास गरिएको छ। यस्ता प्रचलित लिपिहरु नेपाल लगायत विदेशी मुलुकहरुमा समेत उपयोगी हुने कुरा यस लिपि सम्बन्धी आलेखमा उल्लेख गरिएको छ ।

शब्द कुञ्जिका : प्रतीकात्मक, पुरातत्व, परिदृश्य, भावमूलक, गुफा, गूदाक्षर, अष्टाध्यायी, रञ्जना ।

[१]आंशिक शिक्षक, त्रिभुवन विश्व विद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज
इमेल : balkrishnasharma746@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषय परिचय**

प्राचीन युगका मानवले आफ्नो मानसिक भावनाबाट निक्लेका हरेक ध्वनिलाई रेखात्मक चिन्हले प्रकट गरिएका भावनात्मक सम्बन्ध जोडिने लेखनलाई लिपि भनिन्छ । लिपिको विकास र उद्‌भव मानव जातिको उत्पत्ति भएदेखि नै भएको मानिन्छ । मानव जातिको सृष्टि भएको पाँचौ शताब्दीसम्म लिपिको आबिष्कार नभएका कारण मानवले कुनै कार्य पनि लिखित रुपमा सिर्जना गर्न सकेन र लिपिको आविष्कार विना कार्य सञ्चालन गर्न सकेन । भाषालाई स्थायी रुप दिन लिपिको रेखात्मक चित्रलाई परिभाषित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

भाषाको उत्पत्ति भएपछि मात्र लिपिको विकास र विस्तार भएको मानिन्छ। प्राचीन युगका मानिसहरुले आफ्नो मानसिक भावना व्यक्त गर्दा पनि यस्ता लिपिहरुको विकास र विस्तार भएको मानिन्छ, तर नेपाली लिपि १० औं शताब्दीपछि मात्र भएको जानकारी पाइन्छ। सबैभन्दा पहिला लङ्का भद्रसूत्रको नेपालयुग २८ मा भएको मानिन्छ। लङ्का भद्र सूक्त नेपाल युग २८ र पछि ४० जुनमा लिपिको मुख्य बुद्ध लिपिमा लेखिएको इतिहास साक्षी छ । खास गरी यहाँ लिपिको उत्पत्ति र विकास सँगसँगै लिपिको प्राचीन विकास चित्रलिपि, सूत्रलिपि, प्रतीकात्मक लिपि, भावमूलक लिपि, भाव ध्वनिमूलक लिपि हुँदै ब्राम्ही लिपि, देवनागरी, खरोष्ठी लिपि, चिनियाँ, रोमन, अरबी, सिरिजङ्गा, तिरहुता र नेवारी लिपि आदिको चर्चा परिचर्चा गरेको पाइन्छ ।

**समस्या र उद्देश्य**

प्रस्तुत प्रचलित लिपिको परिचय र विश्लेषण शीर्षकमा प्राचीन समयदेखि हालसम्म रहेका लिपिहर को अवस्था र त्यसको चिनारी दिने काम भएको छ। यस आलेखमा भाषाको लिखित चिन्ह अवस्था देखाउने प्रयास एकातिर छ भने अर्कोतिर लिपिहरुको प्राचीन बनोट कस्तो छ। देवनागरी लिपिको पृष्ठभूमि ब्राह्मी लिपि कस्तो रहेको छ भन्ने विषयलाई केन्द्रित बनाइएको छ ।

**सामग्री सङ्कलन र विश्लेषण**

प्रस्तुत लेख तयार पार्नका लागि सङ्कलित तथा लिपि सम्बन्धी विषयलाई यथार्थ रुपमा प्रस्तुत गरिएका छ। सङ्कलनको क्रममा पुस्तकालय तथा प्राथमिक सिद्धान्त अपनाएर अनुसन्धान गरिएको छ । कतिपय ठाउँमा विषयविज्ञका अन्तर्वार्ता, खोज तथा छलफलबाट समेत टिपोट गरिएको छ । निगमनात्मक तरिका अपनाई ऐतिहासिक र पौराणिक सिद्धान्तको आधारमा अध्ययन गरिएको छ ।

**लिपिको उत्पत्ति र विकास**

विश्वमा मानव जातिको उत्पत्ति र सृष्टि भएको कैयौं शताब्दीसम्म लिपिको (अक्षर) को आविष्कार भएको थिएन । त्यसकारण हजारौं हजार वर्षपछि मानव जातिसम्म विकसित हुँदै आयो र उसले देखे सुनेका घटना परिघटनालाई पुराना कुरालाई सुरक्षित रुपमा स्थायी रुपमा राख्नका लागि नै लिपिको आविष्कार गरेको पाइन्छ । सर्वप्रथम मानिसले ढुङ्गामा नै कपेर अक्षर लेख्न सिक्न थालेको र पछि त्यस्ता कोराइहरु चित्रात्मक हुन थालेको पाइन्छ । यसरी मानवले सर्वप्रथम लेख्ने काम मध्यपूर्वको युफ्रेट्स र टिग्रिज नदीको मैदानी भागमा भएको हो भन्ने पत्ता लागेको छ ।

अनुसन्धान र लामो खोजपछि युफ्रेट्स र टिग्रिज नदीको भूभागबाट नै लिपिको आविष्कार भएको र मेसोपोटामिया (इराकको दक्षिणी भूभाग समरेली नगरबाट नै चित्रात्मक लेखनको विकास भएको मानिन्छ । यो स्थानको समरेली भाषा संसारका प्रथम लेखक मानिन्छ। यी समरेली जातिले चित्रात्मक लिपिको विकास गरेका पछि गएर संसारभर माटाका चाक्ला पाटामा ज्योतिष विज्ञान, राजनीति, कृषि, युद्ध वर्णन, धर्म, साहित्य आदि विषयहरु रहेका थिए । लेखन कलाको इतिहासमा यही मेसोपाटामियाको सभ्यता र संस्कृतिको विकास अघि नै विस्तार भएको पाइन्छ ।

मेसोपोटामियनहरुले स्वर भिन्न स्वर र चित्रको प्रयोग गरेका थिएनन् । मिश्रका मानिसहरुले नर्कटले बाँसको प्रयोग गरेर कलमको प्रयोग गरेको पाइन्छ । जसलाई उनीहरु 'पपीरस' भन्ने गर्दथे । पछि पपिरसबाट अपभ्रश हुँदै 'पेपर' हुन गएको हो ।

यस पुस्तक पछिको सबैभन्दा पुरानो पुस्तक मिश्र देशको 'टाह' होखे का उपदेशहरु लेखिएको पुस्तक हो । अर्कोतिर राजा सोलोमनको 'उखान सङ्ग्रह' को लेखनभन्दा २५ सय वर्ष पहिले पुरानो मानिन्छ ।

लिपिका विषयमा यसको उतपत्ति ब्रह्माले बनाएको हुनाले यसको नाम 'ब्राम्ही' नाम रहन गयो । ब्राक्षी लिपि सबैभन्दा पहिलो देवनागरी लिपिकै वंशज मान्न सकिन्छ । लिपिको विषयमा पनि भाषाको जस्तै परम्परावादी विचार रहेको छ । जेहोस् मानिसले आफ्नो आवश्यकता अनुसार लिपिको निर्माण गरेका हुन् । यसको विकास मानिसको जङ्गली अवस्थादेखि नै सुरु हुँदै आएको पाइन्छ ।

....सबैभन्दा पुरानो तथ्य प्रमाणका आधारमा ४००० ईसापूर्वको मध्यसम्म लेख्ने भन्ने कुरालाई उल्ले ख गरेका छन् । यसरी १० हजार ईशापूर्वतिर केही अपुरा र अधुरा तथ्य यसरी लिपिको प्राचीनता यसको लेखनशैली र अक्षरका बनावटले अवस्थाबाट थाहा पाउन सकिन्छ ।

प्रचलित विभिन्न आधारमा लिपिलाई छुट्याउन सकिन्छ :

१) चित्र लिपि
२) सूत्र लिपि
३) प्रतीकात्मक लिपि
४) भावमूलक लिपि
५) भाव ध्वनिमूलक लिपि

**चित्र लिपि**

संसारमा भएका यस्ता लिपिहरुलाई चित्र लिपि भनिन्छ । यो लिपि सबैभन्दा पुरानो भनिन्छ । यस लिपिबाट चित्रकलाको विकास भएको हो । त्यस वेला लेखन सामग्रीहरुमा ढुङ्गा, भित्ता, रुख, रुखका बुटा, आदि हुने गर्दछन् । खास गरी यस्ता खालका चित्र दक्षिणी फ्रान्स, स्पेन, मेसोपोटामिया, बथान, इटली, पोर्चुगल, साइबेरिया, क्यालिफोर्निया, अष्ट्रेलिया आदि देशहरुमा पाइएका छन् । चित्र लिपिले कुनै वस्तुको बोध गराउँथ्यो ।

सूत्र लिपि सूत्र लिपिको इतिहास पनि पुरानो मानिएको छ । यसको चल आजभोलि पनि कतै कतैमात्र यसका प्रयोग भएको पाइन्छ । हिन्दु विवाह पद्धतिमा लगनगाँठो पार्ने प्रचलनले यसको झल्को दिएको पाइन्छ । चदुँवा वा चुवनीमा पारेका गोठाहरुमा समेत केही सूत्र लिपिको सङ्केत भएको पाइन्छ । संस्कृतिका केही महत्त्वपूर्ण दृश्यहरुमा समेत यस्ता सूत्र लिपिको प्रयोग भएको पाइन्छ । डोरीलाई रँगाउने, विभिन्न आकार प्रकारमा रँगाउने र बाटेका र नबाँटेका डोरीको प्रयोग गरेर पनि यस्ता सूत्र लिपिको प्रयोग भएको पाइन्छ ।

**प्रतीकात्मक लिपि**

यस्ता प्रकारका लिपिहरु अवस्था, कार्य र आशयको आधारमा व्यक्त हुन्छन् । टाढाको व्यक्तिलाई आप् ऽनो खास आशयको आधारमा प्रतीकात्मक रुपमा पठाएर अभीष्ट पूरा गर्न सघाउ पुऱ्याउने खालका कार्यहरु यसअन्तर्गत आउँछन् । जस्तै : विवाह आदि सुकार्यको लागि पान, मसाला पठाउनु दिदी बहिनी श्रीमतीलाई टीका चुरा, पोते जस्ता माङ्गलिक वस्तु प्रदान गर्नु यसका उदाहरण मान्न सकिन्छ ।

**भावमूलक लिपि**

भावमूलक लिपिमा विषयवस्तुको बोध गराउन चित्रमूलक लिपिलाई नै मिलाएर गरिन्छ । सामान्य चित्र लिपिमा कागजका जस्ता नङ्ग्रा भएको (^) चित्रले कागलाई बोध गराउँछ । सामान्य अर्थमा कागको अर्थ एक बाठो मान्छे भन्ने ज्ञात हुन्छ । गरुड वा कुनै पन्छीको चित्र सहित सङ्केत (लोगो) लगाएको भए हवाइजहाजको 'कर्मचारी' भन्ने बुझिन्छ । आजभोलि सहर बजारमा प्रहरी, सेना जस्ता सुरक्षाकर्मीले पाखुरामा लगाएका (लोगो) ले चिनाउने गर्दछ ।

**भाव ध्वनिमूलक लिपि**

चित्र लिपिको परिमार्जित रुप भाव ध्वनिमूलक लिपि भनिन्छ । यसमा भावमूलक र ध्वनिमूलकको समन्वयतात्मक रुपमात्र ध्वनिमूलक हुन्छ । जब समायोजन हुने क्रममा ध, मे, श र य जस्ता वस्तुको उच्चारण बढी हुन जान्छ । मेसोपोटामिया, मिश्र हिट्टी आदि लिपिलाई भाव/ध्वनिमूलक लिपि भनी प्रयोग गरिन्छ (नेपाली लिपि : २) ।

**ध्वनिमूलक लिपि**

चित्रमूलक र भावमूलक लिपिले कुनै वस्तु वा भावलाई मात्र बुझाउँछ। वस्तु वा भावमा समन्वय हुँदैन, तर ध्वनिमूलक लिपिले ध्वनिद्वारा नै कुनै वस्तुको सङ्केत गर्दछ। यसले कुनै वस्तु वा भावलाई देखाउँदैन। तर यसले ध्वनि प्रकट अवश्य गर्दछ । जो वर्णको निर्भर रहन्छ । त्यसकै आधारमा कुनै वस्तु वा त्यसको भावलाई देखाउँदैन ।

**लिपिको विकासक्रम**

लिपिको विकासक्रमलाई हेर्दा सूत्रलिपि र प्रतीकात्मक लिपिको विशेष ख्याल गरिँदैन । भावमूलक र ध्वनिभूलक लिपि चाहिँ महत्त्वपूर्ण आधार स्तम्भ रहेको पाइन्छ । ध्वनिलिपिमा पनि अक्षरात्मक ध्वनि लिपि पहिलो र त्यसपछि त्यही ध्वनि हुँदै रेखात्मक लिपिको विकास भएर जाने लिपि आएर यस आधुनिक लिपिको विकास भएको पाइन्छ ।

विश्वका प्रमुख दुई लिपि महत्त्वपूर्ण मानिन्छन् :

क) जसमा उदार वा वर्ण रहेको हुन्छ-युनिफर्म (तीन चुच्चे) चिनियाँ आदि ।

ख) हिरोग्लाफिक

ग) सिन्धुधाटीको लिपि

घ) हिहाइट लिपि

ङ) क्रिट

च) चिनियाँ मध्य अमेरिका र भेक्टर्सको । जसमा अक्षर र वर्ण हुन्छ । उदाहरण : रोमन र नागरी ।

दोस्रो वर्गमा आउने लिपिहरु :

क) दक्षिणी सामी लिपि

ख) हिब्रु लिपि

ग) फोनोसियन

घ) खरोष्ठी लिपि

ङ) अरबी लिपि

च) भारतीय लिपि

छ) ग्रीक लिपि

ज) ल्याटिन लिपि

**लिपिको प्राचीनता**

सिन्धुघाँटीको सभ्यता नै लिपि लेखनको प्रारम्भिक बिन्दु मानिन्छ । ईशापूर्व चौथो शताब्दीको पाणिनीको ग्रन्थ अष्टाध्यायीमा लिपिको कुरा छैन (म्याक्समूलर)। चौथो शताब्दीको ईशापूर्व पछि मात्र लिपिको विकास भएको मानिन्छ ।

फोनेसियाबाट ४औं र ५औं शताब्दीदेखि भारतीयहरुले अक्षरकला सिकेका थिए। डा. बुलरको मतमा ५०० ईशापूर्वमा भारतीयहरुले लेखन कलाको विकास गरेको उल्लेख गरेको पाइन्छ । २६औं ईशापूर्वका सभापति नि आर्कसले भारतमा लेख्ने कागज पाइने कुरा पत्ता लगाएका छन् । ४०० ईशापूर्व मानिसले आप्नो जातक ग्रन्थहरुमा सुनको पातामा अक्षर काट्ने चिठी पत्रको नमुना फेला परेको छ। रामायण, महाभारत युनानी जस्ता धार्मिक ग्रन्थहरुमा पनि लिपि सम्बन्धी कुराको वर्णन पाइन्छ । 'अष्टाध्यायी' सूत्रमा लिपि,

लिपिकर, युनाना आदि लिपि सम्बन्धी कुराको वर्णन पाइन्छ। पुराना शिलालेखहरुमा ४८३ ईशापूर्वको लिपिहरु पाइएका छन्। खरोष्ठी र ब्राह्मी लिपि अशोककालीन शिलापत्र प्राप्त भएका छन्।

अरु देवताका मूर्ति र मुद्राहरु पनि पाइएका छन्। यस कुराबाट लिपिसम्बन्धी ज्ञान र यसको प्रचलन थाहा पाउन सकिन्छ।

**केही प्राचीन लिपिहरु**

भारतमा चलेका लिपिहरुमा सिन्धुघाँटीको लिपि बाहेक खरोष्टी र ब्राह्मी लिपि सबैभन्दा बढी प्रयोग भएको पाइन्छ। जैनको पन्नवण ग्रन्थमा १८ प्रकारको लिपिको बारेमा वर्णन गरिएको छ। ती मध्ये सबैभन्दा बढी प्रचलित लिपिहरु ब्राही, खरोष्ठी, रञ्जना, दरद र गन्धर्व आदि पाइएका छन्।

**खरोष्ठी लिपि**

खरोष्ठी लिपि सर्वप्राचीन लिपि हो। भरतलाई भारतका बाहेकले प्रयोग गरेका छन्। यो लिपिको सामग्री चौथो ईशापूर्वदेखि तेस्रो शं. ई.पूर्व सम्म यो लिपि दायाँबाट बायाँतिर दुई भाषामा जस्तै लेखिने गरिन्थ्यो। जसअनुसार यो लिपि आर्मेस्कबाट विकसित भएको भनिन्छ। यो लिपि अशोकको समयको पनि हुन सक्छ।

भारतको पश्चिमोत्तर प्रान्तमा यो लिपि प्राप्त भएको मानिछ। यसको भाषा 'दरद' हो भनिएको छ। यो रक्स वा नेपालीको प्राचीन रुप हो भन्ने अनुमान गरिएको छ। खरोष्टी वा खास लिपि दमाई जातिको हो भन्ने भनाइ पनि रहेका छन्। १७५६ सालमा अछामका भीम शाहीले ताम्रपत्रमा समेत खस लिपि र दरद लिपिको प्रायोग गरेका छन् (नेपाली, गोविन्द, पृ.२)।

**ब्राम्ही लिपि**

ब्राही लिपि प्राचीन भारतको सर्वश्रेष्ठ लिपिमा गणना गरिएको छ। यसको प्राचीन नमुना विभिन्न मन्दिर, मठ, धारा, चौतारी, सत्तल, आदिमा राखिएका शिलालेखहरुमा पाउन सकिन्छ। यो लिपि ३५० ईशापूर्वसम्म मानिएको छ। यो लिपिको चलन धेरै वर्षदेखि प्रचलित भएकोले यसका निर्माण कर्ता ब्रह्मा नै हुनु भन्ने धारणा भएको हुनाले यो लिपिको नाम ब्राह्मी हुन गएको छ। चिनियाँ विश्वकोश फा-वा-शु-लिन .......... मा यस लिपिको निर्माता सबैभन्दा पुरानो नमुना चौथो शताब्दीको ईशापूर्वको पाइएको छ। त्यसपछि उत्तर भारत र दक्षिण भारतका केही ठाउँमा फरक फरक देखिन थाल्यो। यो लिपि भारतबाहिर जहाँ जहाँ पुग्यो त्यहीँ त्यहीँ फरक देखिन थाल्यो। मध्य एसियाको ब्राह्मी लिपिमा पुरनो यस लिपिबाट अन्य लेखहरु पाइएका छन्।

ब्राही लिपिको उत्तर शैलीबाट विकसित उत्तर लिच्छबी लिपिबाट ईश्वी नवौं शताब्दीमा प्राचीन नागरी लिपिका पनि प्राचीनतामा बदलिन्छ (गौतम : पृ. ३८७)।

स्वर र व्यञ्जनलाई क्रमिक र व्यवस्थित रुपमा प्रस्तुत गर्न सक्नु, स्वरको मात्रालाई व्यञ्जनमा जोडिने गर्नु, वैज्ञानिक तथा देशभक्ति विचार हुनु ब्राह्मी लिपिका विशेष मानिन्छ।

**क) गुम्त लिपि वा पूर्व लिच्छवी लिपि**

यो लिपि गुप्त राजाहरुको समयमा (चौथो र पाँचौं) शताब्दीमा यो लिपिको प्रचार भएको हुनाले यसलाई गुप्त लिपि भनिएको हो। यही लिपि नेपालमा पूर्वकालनी लिच्छवी राजाहरुको समयमा चलेको थियो। पुरातन विभागले उक्त लिपिलाई पूर्व लिच्छवी लिपि भनी नामकरण गरेको थियो। यस लिपिमा शिलापत्रहरु नेपालमा पाइएका छन्। काठमाडौँ उपत्यकाको थानकोट धुम्बाराही, नागपोखरी, खोपासी आदि गाउँमा पनि प्राप्त भएका छन्। राजा वृषदेव, शङ्करदेव, मानदेव र पछि गएर महिदेव, वसन्तदेव, रामदेव, वामनदेव आदि राजाहरुको समयमा प्राप्त अभिलेखहरु रहेका छन्।

**ख) कुटिला लिपि वा उत्तर लिच्छवी लिपि**

यो लिपि गुप्त लिपि वा पूर्व लिच्छवीबाट निर्मित भएको हो । यो लिपि उत्तरकालनि लिच्छवीकालीन लिच्छवी राजाहरुको समयमा प्रचलित थियो यसकारण यसलाई उत्तर लिच्छवी नामले स्वीकार गरियो ।

**ग) नागरी लिपि**

यो लिपिको प्रचार उत्तर भारतको ९ औं शताब्दीको अन्तिम समयदेखि भएको मानिन्छ । साहित्यिक दृष्टिकोण, चेतनाको प्रस्तुतीकरण आदिका लागि निकै महत्वपूर्ण लिपिको रुपमा प्रचलित रहेको छ । दक्षिण भारतमा यो लिपिलाई नागरी लिपि नभनी 'नन्दी लिपि' भनेको पाइन्छ । यो लिपि नेवारी भाषासँग समानता राखेकी पाइन्छ । विद्वान्हरुको विचारमा हिन्दी र नेपाली भाषामा समानान्तर हुनाले यसलाई प्रचलित लिपिको रुपमा स्वीकार गर्न सकिन्छ ।

**घ) शारदा लिपि**

काश्मिर निवासीहरुले ब्राह्मीबाट शारदा लिपिको विकास गरेको पाइन्छ । काश्मिरको देवी शारदा हुनाले उनको लिपि नै शारदा हुन पुग्यो । यो लिपि कुटिला लिपिबाट विकसित भएको मानिन्छ । यसको भारत, सिन्ध, पञ्जाब, काश्मिर आदि क्षेत्रमा प्रयोग भएको पाइन्छ । आजकल यस शारदा लिपिबाट अन्य लिपिहरुको पनि विकास बढ्दै गएको छ । पश्चिम भारतका धेरैजसो लिपिहरु यही शारदा लिपिबाट विकसित भएका छन् । पश्चिमका (सिन्ध, काश्मिर, पञ्चावमा) समेत यस लिपिको प्रभाव पाइन्छ ।

**ङ) किराँत लिपि**

किराँती सभ्यतामा जति उत्तरीहरुको प्रभाव रहेको छ । त्यत्तिकै मात्रामा यस लिपिको प्रभाव पनि परेको देखिन्छ । नेपालको इतिहासमा किराँतकालको महत्त्वपूर्ण स्थान रहेको छ । यो लिपि किराँती राजा सोमवंशी राजाहरुको पालाभन्दा पहिलादेखि नै प्रयोग भएको पाइन्छ । प्रथम किराँती राजा यलम्बर पछि सातौँ पुस्तामा जितेदास्ती जसको समयमा कपिलवस्तुबाट गौतमबुद्ध कालमा नै आएको र आफ्नो सभ्यता र संस्कृति प्रकाशित गरेको कुरा इतिहासमा उल्लिखित छ । किराँत जातिको पनि आफ्नै भाषा र संस्कृति जीवित रहेको छ । यही भाषा र संस्कृतिको विकासमा लिपिको अपरिहार्यता हुने गर्दछ । लिपि र अन्य लिपि झैँ लेपालमा प्रचलित लिपिको विकास भएको मानिन्छ । संस्कृत भाषामा प्राचीन कला र संस्कृतिको प्रभाव पाइँन्छ । देवनागरी लिपि ब्राह्मी लिपि र अन्य खस लिपि नै मुख्य लिपिका रुपमा रहेका छन् ।

यसरी समग्रमा नेपालमा पूर्व लिच्छवी कालमा ब्राह्मी लिपि लिच्छवी कालमा (२) पूर्व लिच्छवी लिपि उत्तर लिच्छवी लिपि अनि मल्ल अनि शाहकालमा (४) किराँत, (५) रञ्जना (६) नेवारी, मैथिली, तिब्बती नान्दीनागरी र देवनागरी गरी ११ ओटा लिपिहरु प्रचलित रहेका छन् । यस्ता प्रकारका लिपिहरु मन्दिर, सत्तल, देवालय, गुम्बा, चौतारी, धारा विश्रामस्थल आदि ठाउँहरुमा पाइएका छन् । खास गरी सबैभन्दा प्रचलित लिपि देवनागरी लिपि भएकोले यस लिपिलाई ७ औं शताब्दीसम्म नियमित रुपमा प्रयोगमा आएका छन् । नागरी नामक लिपिको विविता, निकटता रसर्वप्रथम ईशापूर्व पाँचौं शताब्दीको शिलालेखबाट प्रमाणित भएको थियो कि यो लिपि १००० ईशापूर्व देखि प्रचलनमा रहेको देखिन्छ ।

**निष्कर्ष**

नेपालको लिपि सम्बन्धी अध्ययनमा भारत वर्ष नै मुख्य स्रोतको रुपमा रहेको छ । सिन्धु सभ्यतादेखि मेसो पोटामिया हुँदै भारतीय उपमहाद्विपसम्म लिपिको प्रभाव पाइन्छ । पौराणिक ग्रन्थ महाभारत, वेद, पुराण र महाकाव्यमा पनि लेखन सम्बन्धी विषयवस्तु रहेका छन् । लिपिको प्राचीनता खासगरी ब्राह्मी उत्तर लिच्छवी, पूर्व लिच्छवी, समेटिक लिपि र खरोष्टी लिपि भनेर पनि चर्चा गरिएको छ । जेहोस् लिपिको प्राचीनता ब्राह्मी हुँदै पूर्व र उत्तर लिच्छवीबाट देवनागरी लिपिको विकास भएको पाइन्छ । धेरै जसो पूर्वीय विद्वानले यस कुरालाई स्वीकार गरेका छन् ।

**सन्दर्भसूची**

अर्याल, केशवराज, (२०३४) (अनु.) कौटिल्यको अर्थशास्त्र, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

खत्री, प्रेम र दाहाल केशव, (२०५०) नेपालको कला र पुरातत्व, काठमाडौं : एम.के. पब्लिसर्स र डिस्टिब्युटर्स ।

ढुङ्गेल, रमेश, (१९८९) प्राचीन अर्थव्यवस्था, काठमाडौं, एस.पी. उपाध्याय ।

रेग्मी, डि.सि., (२०४८) पुरालेखन, काठमाडौं, त्रि.वि. संस्कृति विभाग ।

शाक्य, हेमराज, (२०३०) लिपि प्रकाशन, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।